# रुवी भ्याली गाउँपालिकाको विनियोजन विधेयक,२०८३

प्रस्तावना आर्थिक वर्ष २०८३/०८४ मा रुवी भ्याली गाउँपालिकाको सेवा र कार्यहरुका लागि विनियोजित खर्च शिर्षकहरुमा स्थानीय संचित कोषबाट रकम खर्च गर्ने अख्तियारी प्रदान गर्न बाञ्छनिय भएकाले,नेपालको संविधान,२०७२ को धारा २२९ को उपधारा (२) बमोजिम रुवी भ्याली गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "रुवी भ्याली गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,**

(क) "गाउँसभा भन्नाले रुवी भ्याली गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका-भन्नाले रुवी भ्याली गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "वडा समिति" भन्नाले रुवी भ्याली गाउँपालिकाको वडा कार्य समितिलाई सम्झनु पर्दछ।

(घ) "विषयगत शाखा" भन्नाले रुवी भ्याली गाउँपालिका अन्तरगतका विभिन्न शाखा तथा अन्य प्रशासनिक इकाई समेतलाई सम्झनु पर्दछ।

(ङ) "संचित कोष- भन्नाले रुवी भ्याली गाउँपालिकाको संचित कोषलाई सम्झनु पर्दछ।

**आर्थिक वर्ष २०८३/०८४ मा संचितकोषबाट रकम खर्च गर्ने सम्बन्धि व्यबस्था**

(१) आर्थिक वर्ष २०८३/०८४ मा गाउँ कार्यपालिका, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची १ मा उल्लेख भए बमोजिम रू. ४१,२२,२९,६०५/- (अक्षरुपी एकचालिस करोड बाइस लाख उनान्तिस हजार छ सय पाँच रुपैंया) मात्रमा नबढाइ निर्दिष्ट गरिए बमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ।

**४. विनियोजन सम्बन्धि व्यबस्था**

(१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ मा गाउँ कार्यपालिका, वडा समिति तथा बिषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि विनियोजन भएको रकम मध्य कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिएमा गाउँकार्यपालिकाले निर्णय गरी बचत हने शिर्षकबाट अपुग हने शिर्षकमा रकमान्तर गर्न सक्नेछ।

**५. बाधा अड्कान फुकाउन आदेश जारी गर्न सक्ने:** विनियोजित बजेट कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा गाउँकार्यपालिकाको बहुमतको निर्णयले बाधा अड्काउ फुकाउन सक्नेछ।

CamScanner

स्थानीय राजपत्र

रुवी भ्याली गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम रुवी भ्याली गाउँ कार्यपालिकाले बनाएको तल लिखिए बमोजिमको आर्थिक ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## रुवी भ्याली गाउँपालिकाको आर्थिक ऐन,२०८३

सभाबाट स्वीकृत भएको मितिः२०८३\०३\१०

प्रस्तावनाः

रुवी भ्याली गाउँपालिकाको आर्थिक वर्ष २०८३\०८४ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शल्क संकलन गर्ने,छुट दिने तथा य संकलनको प्रशासनिक व्यवस्था नर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम यस गाउँपालिकाको उन्नाइसौं गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः यस ऐनको नाम आर्थिक ऐन,२०८३ रहेको छ।

२. सम्पत्ती कर:यस गाउँपालिका क्षेत्रभित्र अनुसुची(१) बमोजिम एकीकृत सम्पत्ती कर\घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ।

३. भूमि कर:(मालपोत) गाउँपालिका क्षेत्रभित्र अनुसुची(२) बमोजिम भूमि कर(मालपोत) लगाईने र असुल उपर गरिने छ।

४.गाउवपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज,गोदाम,टहरा,छप्पर,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिईएकोमा अनुसुची(३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५.व्यवसाय कर:गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची(४) बमोजिम व्यवसाय कर लगाइने र असुल गरिनेछ।

६.जडिबुटी कर:गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी,वनकस र प्रचलित कानुनले निषेध गरेका वाहेकका वस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसुची(५) बमोजिम कर लागाइने र असुल गरिनेछ।

७.सवारी साधन कर:गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची(६)बमोजिम सवारी साधन कर लगाइने र असुल गरिनेछ।

८.विज्ञापन कर:गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची(७) बमोजिम विज्ञापन कर लगाइने र असुल गरिनेछ।

९.पार्किङ शुल्क:गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उप्लब्ध गराए वापत अनुसुची (८) बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।

१०.सेवा शुल्क र सिफारिस दस्तुर:गाउँपालिकाले आफ्नो क्षेत्रमा सेवा संचालन गरे वापतको सेवा शुल्क र गाउँपालिकाको गाउँ कार्यपालिका कार्यालय वा गाउँपालिका प्रमुखबाट कानुन बमोजिम जारी हुने विविध प्रकारका सिफारिसका लागि अनुसुची(९) बमोजिमको शुल्क तथा दस्तुर लगाइनेछ।

११.पर्यटन शुल्क:गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची(१०) बमोजिमको दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२.विक्रि तथा निकासी शुल्क:गाउँपालिकाले आफ्नो क्षेत्रबाट बाहिर जुनसुकै वस्तुहरुको विक्रि तथा निकासी गर्दा अनुसुची (११) बमोजिमको विक्रि तथा निकासी शुल्क लगाइनेछ।

CamScanner

१३.कर छुटःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइने छैन।

१४.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिःयो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके बमोजिम हुनेछ।

## अनुसुची-१

### सम्पती करको दररेट

(दफा २ संग सम्बन्धित)

| क्र.स. | सम्पत्ती करको दररेट | बार्षिक दर एकमुष्ट |
|---|---|---|
| १ | १ लाखदेखि २ लाख ५० हजार सम्म | ५०० |
| २ | २ लाख ५० हजार देखि ५ लाख सम्म | ५०० |
| ३ | ५ लाख देखि १० लाख सम्म | ५०० |
| ४ | १० लाख देखि १५ लाख सम्म | ५०० |
| ५ | १५ लाख देखि २० लाख सम्म | ५०० |
| ६ | २० लाख देखि २५ लाख सम्म | ५०० |
| ७ | २५ लाख देखि ३० लाख सम्म | ५०० |
| ८ | ३० लाख देखि ३५ लाख सम्म | ५०० |
| ९ | ३५ लाख देखि ४० लाख सम्म | ५०० |
| १० | ४० लाख देखि ४५ लाख सम्म | ५०० |
| ११ | ४५ लाख देखि ५० लाख सम्म | ५०० |
| १२ | ५० लाख देखि ६० लाख सम्म | १००० |
| १३ | ६० लाख देखि ७० लाख सम्म | १५०० |
| १४ | ७० लाख देखि ८० लाख सम्म | २५०० |
| १५ | ८० लाख देखि ९० लाख सम्म | ३००० |
| १६ | ९० लाख देखि १ करोड सम्म | ३२०० |
| १७ | १ करोड देखि माथि | ३५०० |

## अनुसुची-२

CamScanner

## जग्गाको न्युनतम मूल्य निर्धारण र मालपोत दस्तुर

(दफा ३ संग सम्बन्धित)

| क.स. | जग्गाको विवरण | न्युनतम मूल्य रू. | मालपोत दस्तुर (प्रति रोपनी) |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | | ५० |
| २ | आवासीय | | २०० |
| ३ | सार्वजनिक उपयोगको क्षेत्र | | नि:शुल्क |
| ४ | सांस्कृतिक तथा पुरातात्विक क्षेत्र | | नि:शुल्क |
| ५ | नदि,खोला,ताल,सिमसार क्षेत्र | | ३५ |
| ६ | वन क्षेत्र | | ३५ |

द्रष्टव्य:

१.विलम्ब शुल्क प्रतिशत निम्न शुत्र अनुसार लगाइने छ।

विलम्ब शुल्क प्रतिशत:(विलम्ब वर्ष*५)+५

२.प्रत्येक वर्ष असार १५ गते भित्र मालपोत कर बुझाई सक्नु पर्नेछ।

## अनुसुची-३

### घर वहाल कर

(दफा ४ संग सम्बन्धित)

क) गाउँपालिका क्षेत्रभित्रका घर,पसल,ग्यारेज,गोदाम,टहरा,कारखाना,जग्गा वा पोखरीपुरै वा आंशिक रुपमा वहालमा दिइएकोमा वहाल रकमको १०%(दश प्रतिशत) वहाल कर लागाइनेछ।

## अनुसुची-४

### व्यवसाय करको दर,दर्ता तथा नविकरण शुल्क

(दफा ५ संग सम्बन्धित)

CamScanner

| क.स. | व्यापारिक वस्तु | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|
| १ | मदिरा तथा सुर्तिजन्य व्यवसाय | | |
| | क)थोक बिक्रेता | ५००० | ३००० |
| | ख)खुद्रा बिक्रेता | ३००० | १५०० |
| २ | इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स | | |
| | क)थोक बिक्रेता | २००० | १००० |
| | ख)खुद्रा बिक्रेता | १००० | ५०० |
| ३ | कपडा पसल | | |
| | क)सुति कपडा पसल(थोक बिक्रेता) | ३००० | २००० |
| | ख)सुति कपडा पसल(खुद्रा बिक्रेता | १००० | ५०० |
| ४ | गहना पसल(ज्वेलरी) | | |
| | क)सबै खाले गहना निर्माण तथा बिक्रि | २००० | १००० |
| | ख)स-साना गहना निर्माण तथा बिक्रि | १००० | ५०० |
| ५ | हार्डवेयर एण्ड सप्लायर्स | | |
| | क)थोक बिक्रेता | ३००० | १५०० |
| | ख)खुद्रा बिक्रेता | २००० | १००० |
| ६ | दैनिक उपभोगका खाध्य पदार्थ | | |
| | क)थोक बिक्रेता | ३००० | २००० |
| | ख)खुद्रा बिक्रेता | २००० | १००० |
| ७ | पर्यटन व्यवसाय,आवास,होटेल,रेष्टुराँ,रिसोर्ट | | |
| | क)एक लाख देखि पाँच लाख सम्म पुँजी भएका | १००० | ५०० |
| | ख)पाँच लाख देखि दश लाख सम्म पुँजी भएका | २००० | १००० |
| | ग)दश लाख देखि पच्चीस लाख सम्म पुँजी भएका | ३००० | २००० |
| | घ)पच्चीस लाख देखि पचास लाख सम्म पुँजी भएका | ६००० | ४५०० |
| | ङ)पचास लाख भन्दा बढि पुँजी भएका | १०००० | ७५०० |
| ८ | उत्पादनमुलक उधोग | | |
| | क)कच्चा माल वा अर्ध प्रशोधित माल प्रयोग गरी वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उधोग | २५०० | १५०० |

CamScanner

| | | | |
|---|---|---|---|
| ९ | कृषि तथा वनजन्य उधोग | | |
| | क)वन पैदावारमा आधारित उधोग | ५००० | ३००० |
| | ख)वन पैदावारमा आधारित व्यवसाय | २५०० | १५०० |
| | ग)कृषिमा आधारित उधोग तथा व्यवसाय | १५०० | १००० |
| १० | गाउँपालिका प्रधान कार्यालय भएको निर्मान व्यवसाय | | |
| | क श्रेणीको | १०००० | ५००० |
| | ख श्रेणीको | ८००० | ४००० |
| | ग श्रेणीको | ७००० | ३००० |
| | घ श्रेणीको | ५००० | २५०० |
| ११ | मर्मत सम्भार | | |
| | क)हेभी इक्युपमेन्ट बस,ट्रक आदि मर्मत ग्यारेज | ५००० | ३००० |
| | ख)कार,मोटरसाईकल मर्मत ग्यारेज | ३००० | २००० |
| | ग)रेडियो,टिभि,घडि,प्रेसर कुकर,हिटर,आदि विधुतीय सामाग्री मर्मत केन्द्र | १००० | ५०० |
| १२ | अन्य सेवा | | |
| | क)ब्युटी पार्लर,फोटो स्टुडियो,सिलाई सेन्टर आदि | १००० | ५०० |
| | ख)साइन बोर्ड बनाउने पेन्टिङ आदि | १००० | ५०० |
| | ग)मासु बिक्रेता | १००० | ५०० |
| | घ)भाँडाकुँडा बिक्रेता | १००० | ५०० |
| | | | |
| | ङ)रुख काट्ने हाते मेसिन | १०००० | ५००० |
| | च)मिल | १००० | ५०० |
| | छ)घट्ट | ४०० | २०० |
| | ज)विज्ञापन सेवा | ५०० | ३०० |
| | झ)स्टिल,काठ,फर्निचर बिक्रेता | १००० | ५०० |
| | ञ)खेलौना उपहार बिक्रेता | ५०० | ३०० |
| १३ | स्वास्थ्य सेवा | | |
| | क)क्लिनिक | ३००० | २००० |
| | ख)फार्मेसी | ३००० | २००० |

| | | | |
|---|---|---|---|
| १४ | सञ्चार सेवा | | |
| | क)निजी क्षेत्रका इन्टरनेट,रेडियो आदि | १००० | ५०० |
| १५ | शिक्षा सेवा | | |
| | क)निजी क्षेत्रका स्कुल | ५००० | ३००० |
| | ख)तालिम तथा अनुसन्धान केन्द्र | ३००० | २००० |
| १६ | वित्तीय सेवा | | |
| | क)सहकारी बैंक | १००० | ५०० |
| | ख)बचत समुह | १००० | ५०० |
| | ग)आमा समुह | १००० | ५०० |
| १७ | होमस्टे | | |
| | क)निजी होमस्टे | ३००० | २५०० |
| | ख)सामुदायिक होमस्टे | ५००० | ३००० |

क) माथि उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा राजस्व परामर्श समितिको निर्णय अनुसार कर निर्धारण गरिनेछ।

ख) चालु आ.व.भित्र असुल नभई अर्को आ.व.भित्र असुल गर्दा २० प्रतिशत थप विलम्व शुल्क लाग्नेछ।

अनुसुची-५

जडिबुटी कर

(दफा ६ संग सम्बन्धित)

| क्र.स. | विवरण | इकाई | प्रति इकाई दर |
|---|---|---|---|
| १ | मजिठो | प्रति के.जी | ५ |
| २ | ओखर फलको बोक्रा | प्रति के.जी | ५ |
| ३ | ओखर काण्ड बोक्रा | प्रति के.जी | ५ |
| ४ | चिराइतो | प्रति के.जी | १० |
| ५ | चुत्रोको बोक्रा | प्रति के.जी | ५ |
| ६ | कुरिलोको जरा | प्रति के.जी | ५ |
| ७ | सुगन्धवाल | प्रति के.जी | १० |
| ८ | अल्लो | प्रति के.जी | १० |
| ९ | झ्याउ | प्रति के.जी | १० |
| १० | अर्गेली | प्रति के.जी | १० |
| ११ | पाखनवेत | प्रति के.जी | १० |

CamScanner

| | | | |
|---|---|---|---|
| १२ | लोत्ता\नेपाली कागज | प्रति के.जी | १० |
| १३ | ठिग्रे सल्लाको सिम्टा | प्रति के.जी | ५० |
| १४ | धसिंगरे तेल | प्रति के.जी | २०० |
| १५ | अम्रिसो | प्रति के.जी | ५ |
| १६ | जटामसी | प्रति के.जी | ५ |
| १७ | तेजपात | प्रति के.जी | ५ |
| १८ | गोब्रे सल्लाको सिम्टा | प्रति के.जी | ५ |
| १९ | नागबेली पाउडर | प्रति के.जी | ५ |
| २० | खोटो | प्रति के.जी | ४० |
| २१ | गोब् सल्लाको पातको तेल | प्रति के.जी | ५ |
| २२ | भिर मह | प्रति के.जी | ५० |
| २३ | सतुवा | प्रति के.जी | २०० |
| २४ | धुपीपात | प्रति के.जी | १० |
| २५ | नागबेली | प्रति के.जी | १० |
| २६ | सुगन्धित तेल | प्रति के.जी | १०० |
| २७ | साधरण च्याउ | प्रति के.जी | १० |
| २८ | ईन्द्रेयणी | प्रति के.जी | १० |
| २९ | सल्लो उत्तिस र अन्य बरामदी काठ(गोलिया,चिरान) | प्रति के.जी | १० |
| ३० | बाँस | प्रति के.जी | १० |
| ३१ | बन लसुन | प्रति के.जी | २०० |
| ३२ | हाडे लसुन | प्रति के.जी | २०० |
| ३३ | कुरिलो | प्रति के.जी | १० |
| ३४ | निगालो | प्रति के.जी | १ |
| ३५ | अलैंची | प्रति के.जी | २० |
| ३६ | यार्सागुम्बा | प्रति के.जी | १५००० |
| ३७ | लौंठ सल्लाको पात | प्रति के.जी | १० |
| ३८ | सुठो | प्रति के.जी | १० |
| ३९ | लप्सी | प्रति के.जी | ५ |
| ४० | ऊन | प्रति के.जी | १५ |
| ४१ | छुर्पी | प्रति के.जी | १० |
| ४२ | घ्यु | प्रति के.जी | १० |
| ४३ | सुनपाती | प्रति के.जी | ५ |
| ४४ | कवाडी सामान(१००० के.जी.सम्म) | प्रति के.जी | ८ |

| | | | |
|---|---|---|---|
| ४५ | कवाडी सामान (१००० के.जी। माथि) | प्रति के.जी | १०० |
| ४६ | कवाडी सामान तामा\पित्तल | प्रति के.जी | २०० |
| ४७ | पदमचाल | प्रति के.जी | १० |
| ४८ | टिमुर | प्रति के.जी | १० |
| ४९ | जटामसी | प्रति के.जी | ५०० |
| ५० | निरमसी | प्रति के.जी | ५०० |

गाँउपालिका भित्र उत्पादन भई निकासी हुने अन्य वस्तुहरुको हकमा राजस्व परामर्श समितिको निर्णय बमिजिम हुनेछ।

अनुसुची-६

सवारी साधन कर

(दफा ७ संग सम्बन्धित)

सङघ वा प्रदेशमा सवारि दर्ता तथा अनुमती लिएका सबै प्रकारका सवारी साधनहरु रुवी भ्याली गाउँपालोका क्षेत्र भित्र नियमित रुपमा सञ्चालन गर्दा गाउँपालिकामा अनिवार्य अभिलेखीकरण गरी सञ्चालनको अनुमती लिनुपर्नेछ। जसको लागि प्रदेश सरकारले तोके बमिजिमको कर लाग्नेछ।

अनुसुची-७

विज्ञापन कर

(दफा ८ संग सम्बन्धित)

| क.स. | विज्ञापन कर लाग्ने वस्तु | दर |
|---|---|---|
| १ | मदिरा तथा सुर्तीजन्य पदार्थ | प्रति वर्ग फिट १०० |
| २ | अन्य वस्तु तथा सेवा | प्रति वर्ग फिट १० |

अनुसुची-८

पार्किङ शुल्क

CamScanner

(दफा १० संग सम्बन्धित)

| | | |
|---|---|---|
| क) मोटरसाईकल | प्रति घण्टा | रु.१० |
| ख) हलुका सवारी साधन | प्रति घण्टा | रु.२० |
| ग) हेभी सवारि साधन | प्रति घण्टा | रु.३० |

१२

## अनुसुची-९

## विविध सेवा शुल्क,सिफारिस दस्तुर

(दफा १० संग सम्बन्धित)

| क्र.स. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | ५०० | |
| २ | मोहि लगत कट्टा सिफारिस | ३०० | |
| ३ | घर कायम सिफारिस | ३०० | |
| ४ | पक्की घर निर्माण सम्पन्न सिफारिस | २००० | |
| ५ | कच्ची घर निर्माण सम्पन्न सिफारिस | ५०० | |
| ६ | वैदेशिक रोजगारीका लागि सिफारिस | ५०० | |
| ७ | घर सम्पत्ती मुल्याङकन सिफारिस वैदेशिक प्रयोजन | ५०० | |
| ८ | घर सम्पत्ती मुल्याङकन सिफारिस स्वदेशि प्रयोजन | १००० | |
| ९ | छात्रवृति सिफारिस | १०० | |
| १० | अपाङगता सिफारिस | नि:शुल्क | |
| ११ | विपन्न विधार्थि छात्रवृति सिफारिस | नि:शुल्क | |
| १२ | अस्थायी बसोबास सिफारिस | ५०० | |
| १३ | स्थायी बसोबास सिफारिस | २०० | |
| १४ | नागरिकता सिफारिस | ३०० | |
| १५ | नागरिकता प्रतिलिपी सिफारिस | ३०० | |
| १६ | नेपली पेन्सन पट्टाको सिफारिस | ७०० | |
| १७ | भारतीय पेन्सन पट्टाको सिफारिस | १५०० | |
| १८ | नाफामुलक संस्था दर्ताको सिफारिस | २००० | |
| १९ | आपुताली सिफारिस | २००० | |
| २० | साना तथा घरेलु उधोग सिफारिस | २००० | |

CamScanner

| | | | |
|---|---|---|---|
| २१ | ठुला तथा मझौला उधोग सिफारिस | ३००० | |
| २२ | विपन्नता प्रमाणित | नि:शुल्क | |
| २३ | सम्पन्नता प्रमाणित | २००० | |
| २४ | विधुत जडान घरायसी प्रयोजन | ४०० | |
| २५ | विधुत जडान व्यवसायिक प्रयोजन | १००० | |
| २६ | जिवीत रहेको सिफारिस | १०० | |
| २७ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने तथा जन्म मिति संशोधन सिफारिस | ५०० | |
| २८ | जग्गा मुल्याङकन सिफारिस र प्रमाणित | ५०० | |
| २९ | व्यवसाय बन्द सिफारिस | २०० | |
| ३० | कोर्ट फि मिनाह सिफारिस | नि:शुल्क | |
| ३१ | नाबालक परिचयपत्र सिफारिस | ३०० | |
| ३२ | चौपाया सम्बन्धि सिफारिस | २०० | |
| ३३ | व्यवसाय दर्ता \नविकरण सिफारिस | ३०० | |
| ३४ | उधोग ठाउँ सारि सिफारिस | ३००० | |
| ३५ | व्यक्तिगत विवरण सिफारिस | १०० | |
| ३६ | जग्गा दर्ता सिफारिस | ३०० | |
| ३७ | संरक्षक सिफारिस व्यक्तिगत | १०० | |
| ३८ | संरक्षक सिफारिस संस्थागत | ३०० | |
| ३९ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | नि:शुल्क | |
| ४० | जिवीत संगको नाता प्रमाणित | ३०० | |
| ४१ | मृतक संगको नाता प्रमाणित | ३०० | |
| ४२ | नि:शुल्क वा स-शुल्क स्वास्थ्य उपचार सिफारिस | नि:शुल्क | |
| ४३ | ज्येष्ठ नागरिक परिचयपत्र सिफारिस | नि:शुल्क | |
| ४४ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | ३०० | |
| ४५ | संस्था दर्ता सिफारिस | ५०० | |
| ४६ | प्यान दर्ताको सिफारिस | ३०० | |
| ४७ | घरबाटो प्रमाणित | ५०० | |
| ४८ | चार किल्ला प्रमाणित | ५०० | |
| ४९ | जन्म मिति प्रमाणित | ३०० | |
| ५० | विवाह प्रमाणित | ५०० | |
| ५१ | कागज मन्जुरीनामा प्रमाणित | २०० | |
| ५२ | हकवाला वा हकदार प्रमाणित | ३०० | |
| ५३ | अविवाहित प्रमाणित | ३०० | |

CamScanner

| | | | |
|---|---|---|---|
| ५४ | जग्गा धनी लालपूर्जा हराएको | ५०० | |
| ५५ | पूर्जामा घर कायम गर्ने सिफारिस | ३०० | |
| ५६ | पूर्जामा फोटो टाँस सिफारिस | ३०० | |
| ५७ | अंग्रजी सिफारिस तथा प्रमाणित | ५०० | प्रति पेज |
| ५७ | कन्सुलर प्रमाणित | ५०० | प्रति पेज |
| ५८ | मिलापत्र वा उजुरी दर्ता | ३०० | |
| ५९ | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र | निःशुल्क | |
| ६० | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क(३५ दिन पछि) | ३०० | |
| ६१ | व्यक्तिगत घटनादर्ता तथा नागरिक अभिलेख दर्ता किताब हेरेको | २०० | |
| ६२ | व्यक्तिगत घटनामा त्रुटी सच्याउने | ५०० | |
| ६३ | पक्की घरको सर्जमिन | १००० | |
| ६४ | अन्य सबै प्रकारको सर्जमिन | ५०० | |
| ६५ | आय प्रमाणित | ०.१% | |
| ६६ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | ५०० | |
| ६७ | योजना किताब | | किताबमा उल्लेख भए अनुसार |
| ६८ | अमिन शुल्क | | |
| | क) १ देखी ५ कित्ता सम्म | २००० | |
| | ख) ६ देखी १० कित्ता सम्म | ३००० | |
| | ग) १० कित्ता भन्दा माथि | ५००० | |

ख)एम्बुलेन्स सेवा शुल्क सम्बन्धि दररेट

| क्र.स. | विवरण | दररेट |
|---|---|---|
| १ | तिप्लिङ-धादिङ(पालिका भित्रका नागरिकका लागि) | १०००० |
| २ | सेर्तुङ-धादिङ(पालिका भित्रका नागरिकका लागि) | ९००० |
| ३ | तिप्लिङ-काठमाण्डौं(पालिका भित्रका नागरिकका लागि) | १३००० |
| ४ | सेर्तुङ-काठमाण्डौं(पालिका भित्रका नागरिकका लागि) | १२००० |
| ५ | लापा\खादिङ-धादिङ (पालिका भित्रका नागरिकका लागि) | ९००० |
| ६ | लापा\खादिङ-काठमाण्डौं (पालिका भित्रका नागरिकका लागि) | १३००० |
| ७ | बोराङ-धादिङ(पालिका भित्रका नागरिकका लागि) | ८००० |

CamScanner

| | | |
|---|---|---|
| ८ | बोराङ-काठमाण्डौं(पालिका भित्रका नागरिकका लागि) | १२००० |

क)पालिका भरिका गर्भवती महिलाहरुको उपचारका लागि स्वास्थ्य संस्थामा लैजान कुनै पनि शुल्क लाग्ने छैन।

ख)माथि उल्लेखित बाहेकको स्थानमा प्रति किमि रु ५० थप लाग्नेछ।

ग)एक्साभेटर वा ब्याक हो लोडर प्रयोग गरे वापतको शुल्क

१)एक्साभेटर अपरेटर र इन्धन बाहेक

| क.स. | कामको प्रकार | दररेट(प्रति घण्टा रु.) | |
|---|---|---|---|
| १ | बकेट | ३००० | |
| २ | ब्रेकर | ४००० | |
| | | | |

२)एक्साभेटर अपरेटर र इन्धन सहित

| क.स. | कामको प्रकार | दररेट(प्रति घण्टा रु.) | |
|---|---|---|---|
| १ | बकेट | ७५०० | |
| २ | ब्रेकर | ८५०० | |
| | | | |

३)ब्याक ल्होडार अपरेटर र इन्धन बाहेक

| क.स. | कामको प्रकार | दररेट(प्रति घण्टा रु.) | |
|---|---|---|---|
| १ | खन्ने,सम्याउने आदि | २५०० | |

४)ब्याक ल्होडार र इन्धन सहित

| क.स. | कामको प्रकार | दररेट(प्रति घण्टा रु.) | |
|---|---|---|---|
| १ | खन्ने,सम्याउने आदि | ४५०० | |

CamScanner

घ) दर्ता,सुचीकृत र नविकरण सिफारिस दस्तुर

| क.स. | विवरण | दररेट |
|---|---|---|
| १ | गैर सरकारी संघ\संस्था दर्ता\नविकरण सिफारिस | २००० |
| २ | खानेपानी मुहान दर्ता | १५०० |
| ३ | सिंचाई मुहान दर्ता | १५०० |
| ४ | खानेपानी र सिंचाई उपभोक्ता समिति दर्ता तथा नविकरण | १००० |
| ५ | गैर सरकारी संस्था परामर्शदाता सुचिकृत | २००० |
| ६ | लघु जलविधुत(१ मे.वा.भन्दा कम)को निर्माण अनुमती | ३००० |

अनुसुची-१०

पर्यटन शुल्क

(दफा ११ संग सम्बन्धित)

| क.स. | विवरण | शुल्क दस्तुर |
|---|---|---|
| १ | ट्रेकिङ रुटमा अनुमती(सार्क मुलुक बाहेक) | प्रति व्यक्ति १५ USD |
| २ | ट्रेकिङ रुटमा अनुमती सार्क मुलुक | प्रति व्यक्ति ५ USD |

अनुसुची-११

निकासी तथा सहजीकरण शुल्क

(दफा १२ संग सम्बन्धित)

| क.स. | विवरण | इकाई | शुल्क |
|---|---|---|---|
| १ | रिवी,क्रिष्टल तथा खानीजन्य पदार्थ | | मल्याङकनको १०% |
| २ | ढुंगा,गिट्टि र बालुवा | प्रति टिप(आइचर) | ७५० |
| ३ | ढुंगा,गिट्टि र बालुवा | प्रति टिप(ठुलो टिप्पर) | १५०० |
| ४ | ढुंगा,गिट्टि र बालुवा | प्रति बोरा | १० |

बिक्रि तथा निकासी शुल्क

CamScanner

(दफा १२ संग सम्बन्धित)

| क्र.स. | विवरण | इकाई | दररेट |
|---|---|---|---|
| १ | आलु | प्रति कुइन्टल | ५० |
| २ | सिमी | प्रति कुइन्टल | १०० |
| ३ | जौ,मकै,कोदो,गहुँ | प्रति कुइन्टल | ५० |
| ४ | भेडा | प्रति गोटा | १०० |
| ५ | च्यङग्रा | प्रति गोटा | २०० |
| ६ | बाखा | प्रति गोटा | १०० |
| ७ | सुङगुर,बङगुर | प्रति गोटा | १०० |
| ८ | चौरी | प्रति गोटा | ५०० |
| ९ | याक | प्रति गोटा | १००० |
| १० | गाई | प्रति गोटा | १०० |
| ११ | भैसी,राँगा | प्रति गोटा | १०० |
| १२ | कुखुरा,हाँस | प्रति गोटा | ५ |

आज्ञाले,

छोईसाङ तामाङ

प्रमुख प्रशासकीय अधिकृत

रुबी भ्याली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेर्तुङ, धादिङ
बागमती प्रदेश, नेपाल

CamScanner